संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६४ असार १८**

---

## तराईमा भएका नेकपा–माओवादीका कार्यकर्ताहरूको हत्या तथा अन्य हिंसाबारे उच्चायुक्तको कार्यालय चिन्तित

उच्चायुक्तको कार्यालय तराईमा नेकपा–माओवादीका कार्यकर्ताहरूलाई लक्ष्य गरी लगातार भइरहेका हत्याबारे अत्यन्त चिन्तित छ। असार १७ गते रौतहटमा भएको रामप्रवेश साहको हत्यासमेत जेठ २१ गते यता हत्या भएकाहरूको कुल सङ्ख्या आठ पुगेको छ। अधिकांश घटनामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (जेटीएमएम)का समूहहरूले जिम्मेवारी लिएका छन् भनिएको छ। यी हत्यालगायत बढ्दो हिंसाले तराईका निश्चित ठाउँहरूमा डर र त्रासको वातावरणलाई सघन बनाइरहेको छ। सुरक्षा तथा मानवअधिकारको स्थितिमा गम्भीर असर पारिरहेका यी हत्याहरूले हिंसात्मक कार्य हुन नदिन उपायहरू उठाउनुपर्ने आवश्यक्तामाथि पनि जोड दिन्छन्। विशेषगरी, राज्यका अधिकारीहरूसँग मानवअधिकारको पूर्णरूपमा सम्मान हुने उपायहरूमार्फत् जनताको संरक्षण गर्ने दायित्व रहेको छ।

चैत ७ गते गौरमा भएका नेकपा-माओवादीका २७ जना कार्यकर्ताको हत्या तथा सन् २००७ को प्रारम्भमा भएको मधेशी आन्दोलनका सन्दर्भमा भएका मृत्युलगायत हालै भएका नेकपा-माओवादीका कार्यकर्ताहरूको हत्या र अरू हिंसात्मक कार्यको पूर्णरूपमा अनुसन्धान गरिनैपर्छ र जिम्मेवारहरूलाई न्यायको कठघरामा ल्याउनैपर्छ। दण्डहीनताका साथ गरिएका हत्यालगायतका जारी हिंसाले शान्ति तथा निर्वाचन प्रक्रियालाई गम्भीररूपले अवमूल्यन गरी जोखिममा पार्ने खतरा छ र यो रोकिनैपर्छ।

For further information contact Tanuja Basnet at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 318) - Mobile: 98510 16931 or Email: tbasnet@ohchr.org